कनकाई नगरपालिकाद्वारा प्रकाशित

# कनकाई राजपत्र

खण्डः १ सङ्ख्याः १२ प्रकाशन मितिः २०७६/१२/२८

कार्यपालिकावाट स्वीकृत मिति २०७५/०४/०७

## भाग - २

## “घ”वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि,२०७५

**प्रस्तावना**

स्थानीय स्तरको विकास निर्माणमा निजी क्षेत्रको ज्ञान र विशेषज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मूलभूत विशेषताहरुलाई अक्षुण्ण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारिता, जवाफदेहिता, विश्वसनीयता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा स्रोत साधनको उच्चतम उपयोग जस्ता उद्देश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुँचको लागि कनकाई नगरपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७४ ले दिईएको अधिकार प्रयोग गरी कनकाई नगरपालिकाले यो कार्यविधि जारी गरेको छ ।

कनकाई राजपत्र

## (१) इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको बाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

### (२) नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था :

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि कनकाई नगरपालिकाको कार्यालयमा प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले अनुसूची-५ वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा सिभिल ईन्जिनियर/सव ईन्जिनियर सहित सदस्य भएको समितिवाट जाँचवुझ गराउनु पर्नेछ ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने छ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्यूनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको ईजाजतपत्र कार्यपालिकाको निर्णय बमोजिम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले ईजाजतपत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजत-पत्र प्रदान गर्नेछ ।

## (३) इजाजतपत्रको अवधि र नवीकरण :

(१) दफा २ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित सम्बन्धित नगरपालिकाबाट अनुसूची-२ वमोजिमको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ । इजाजत पत्र नवीकरण गर्न नगरपालिकामा कागजात पेश गर्दा अनुसूची-४ वमोजिमको पास बुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफूले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची-४ वमोजिमको पास बुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नवीकरण गर्न नगरपालिका वाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकिया पूरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नवीकरण गर्ने माग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरिदिनेछ ।

## (४) ईजाजत-पत्रको खारेजी :

(१) देहायको अवस्थामा नगरपालिकाले निर्माण व्यवसायीको इजाजत पत्र खारेज गर्न सक्नेछ :

(क) झुट्टा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा

झुट्टा विवरण पेश गरेको सम्बन्धित निकायवाट लेखिआएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भीर

उल्लंघन भएको सम्बन्धित निकायवाट लेखिआएमा ।

२) उपदफा (१) बमोजिम इजाजत पत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासीब माफिकको मौका दिइने छ ।

(३) दफा ३ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

## ५) इजाजतपत्रको प्रतिलिपि दिने व्यवस्था :

कुनै निर्माण व्यवसायीले इजाजत पत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि पाउन निवेदन

गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ ।

## ६) प्रचलित कानून बमोजिम हुने :



कानूनपत्र

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**७) बचाऊ :**

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का बन्दोबस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको

इजाजत पत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

कानुनकाङ्राजपत्र

# अनुसूची-१

कार्यविधिको दफा २ को उपदफा (१) संघ सम्बन्धित

ईजाजत पत्रको लागि दिइने दरखास्त

**विषय : इजाजत पत्र पाउँ भन्ने बारे ।**

श्री ..........................................................

कनकाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, झापा

यस कनकाई नगरपालिकाको कार्यविधि बमोजिम सार्वजनिक निर्माण कार्य गर्नका लागि इजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको नाम :

ठेगाना :

पोष्ट बक्स :

टेलिफोन नं. : फ्याक्स नं. : इमेल :

२. फर्म वा कम्पनीको प्रकृति

☐ प्राईभेट लिमिटेड ☐ कम्पनी

पब्लिक लिमिटेड कम्पनी

कनकाई नगरपालिका

एकलौटी

साझेदारी

कोष्टमा रेजा लगाउनु पर्ने छ ।

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको :

नाम :

थर :

ठेगाना : पोस्ट बक्स नं.

टेलिफोन नं. : फ्याक्स नं. : इमेल :

४. फर्म वा कम्पनीको विवरण :

दर्ता नं. दर्ता मिति :

अधिकृत पुँजी : जारी पूँजी

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :

५. इजाजत पत्र लिन चाहेको वर्ग :- (घ) वर्ग

६. सामूहीकरण हुन चाहेको समूह :

७. आर्थिक स्रोतको विवरण :

| | रकम | वित्तीय संस्था बैंकको नाम |
|---|---|---|
| स्थानीय ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |



कानुनकारीजपत्र

| | | |
|---|---|---|
| बचत खाता | | |
| अन्य | | |

उल्लेखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिने छ ।

८. कामदारको विवरण :

क) प्राविधिक :-

ख) अप्राविधिक :

ग) अन्य :

प्राविधिक कर्मचारीको Certificate को प्रतिलिपि तथा निजको मञ्जुरीनामा पेश गर्नु पर्ने छ ।

## ९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्वन्धी सवारी साधन मेशिनरी औजारको विवरण :

| सि.न. | नाम तथा विवरण | दर्ता नं | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य : यस विवरणमा उल्लेखित सवारी साधन तथा मेशनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाण-पत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भने मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

## (१०) यस अघि सम्पन्न गरेको कामको विवरण :

| सि.न. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था प्रगति प्रतिशतमा |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## (११) कर चुक्ता गरेको प्रमाण कागजात :

क) ..........................................................................

ख) ..........................................................................

ग) ..........................................................................

यस दरखास्त फाराममा उल्लेखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको नाम :

दरखास्त :

मिति :

द्रष्टव्य : यस दरखास्त फाराका साथ दरखास्त फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत कागजात पेश गर्नु पर्नेछ।

कानूनी राजपत्र

# अनुसूची-२

कार्यविधिको दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) सँग सम्वन्धित

| क.स. | निर्माण व्यवसायीको वर्ग | ईजाजत पत्र दस्तुर | ईजाजत पत्र नवीकरण दस्तुर | इजाजत पत्र नवीकरण थप दस्तुर | ईजाजत पत्र प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|---|
| १ | घ | रु १०००/०० | रु १०००/०० | रु २०००/०० | रु ५००/०० |

द्रष्टव्य : "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि २० बमोजिमका दफा ३ को उपदफा (२) बमोजिम म्याद भित्र ईजाजत पत्र नवीकरण गराउँदा ईजाजत पत्र नवीकरण थप दस्तुरको महलमा उल्लेखित दस्तुर तिर्नुपर्नेछ।

कानुनी दस्तावेज

# अनुसूची-३

कार्यविधिको दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) सँग सम्बन्धित

ईजाजत पत्र

ईजाजत पत्र नं. मिति :

कनकाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धी दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न निम्न बमोजिमको कार्यालय भएको फर्म वा कम्पनीलाई ईजाजत पत्र प्रदान गरिएको छ ।

ईजाजत पत्र दिनेको :

दस्तखत :

नाम :

पद :

मिति :

कनकाई इजाजतपत्र

(यस वृत्तभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने कार्यालय :

नवीकरण

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

कनकाइँखबर

# अनुसूची-४

## निर्माण व्यवसायीवाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासबुक)

| क.स. | आयोजना को नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रण को नाम (यदि भएमा) | शेयर % | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण (यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम<br>ख) सम्झौता मिति :<br>ग) ठेक्का अवधि | क) नाम :<br>ख) पद :<br>ग) हस्ताक्षर<br>घ) छाप | क) थप समय :<br>क) नाम :<br>ख) पद<br>ग) हस्ताक्षर | क) Variation पछिको Contract Amount<br>क) Variation को निर्णय गर्ने पदाधिकारीको नाम<br>ख) पद<br>ग) हस्ताक्षर | क) सम्पन्न रकम<br>ख) सम्पन्न मिति :<br>ग) सम्पन्न %<br>घ) नाम | क) अन्तिम रकम<br>ख) सम्पन्न मिति :<br>घ) नाम: | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | घ) निर्माण मिति<br>छाप | :<br>पद :<br>हस्ताक्ष र<br>छाप | पद :<br>हस्ताक्षर<br>छाप | |

अनुसुची-५

## “घ” वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

**१. आर्थिक क्षमता :**

प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ।

**२. मुख्य जनशक्ति विवरण :**

मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ।

**३. मेशीन र उपकरण :**

(क) टि्पर/ट्याक्टर (एक/एक थान)

(ख) मिक्सर (एक थान)

(ग) Theodolite/Level मेशीन (एक सेट)

(घ) वाटर पम्प (एक थान)

कानुनपत्र

(ङ) भाइब्रेटर (दुई थान)

## ४. द्रष्टव्य :

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

**आज्ञाले**
**रुद्रप्रसाद न्यौपाने**
**प्रमुख प्रशासकीय अधिकृत**



कानून ऋाज्ञापत्र